# जिल्ला विकास समिति, कालिकोटको
# १९ औं जिल्ला परिषद्मा प्रस्तुत आगामी आर्थिक बर्ष २०७३/०७४ को
# वार्षिक नीति, कार्यक्रम तथा वजेट बक्तव्य

प्रमुख अतिथि माननीय सांसद श्री तुलाराज विष्टज्यू ,
विशिष्ट अतिथि माननीय जिल्ला न्यायाधिश श्री केशवराज पाण्डेज्यू,
भूतपूर्व मन्त्रीज्यू, सहायक मन्त्रीज्यू,
भूतपूर्व सांसद एवं सभासदज्यूहरु,
प्रमुख जिल्ला अधिकारीज्यू,
राजनीतिक दलका केन्द्रीय समितिका सदस्यज्यूहरु,
जिल्लामा क्रियाशील राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
उद्योग वाणिज्य संघ कालीकोटका अध्यक्षज्यू,
जिविस अन्तर्गत विभिन्न जिल्ला समन्वय समितिका उपाध्यक्षज्यूहरु,
जिल्ला विकास समितिका पूर्व सभापति एवं उपसभापतिज्यूहरु,
जिल्ला स्थित विभिन्न विकास समितिका अध्यक्ष एवं सभापतिज्यूहरु,
जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
गाविस सचिवज्यूहरु, गैर सरकारी संस्थाका प्रमुखज्यूहरु, नागरिक समाज, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु र संचारकर्मी मित्रहरु, वाल क्लव लगायत विभिन्न क्लव र संजालका अध्यक्ष एवं प्रतिनिधिज्यूहरु

साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी आगामी आर्थिक बर्ष २०७३/०७४ को वार्षिक नीति, कार्यक्रम तथा वजेट सार्वजनिकीकरण समारोहमा पाल्नु भएका सवै पेशा, वर्ग सेवामा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा सर्वप्रथम त म जिल्ला विकास समिति कालिकोटको तर्फवाट हार्दिक स्वागत गर्दछु । साथै देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम अधिकार सम्पन्न वनाउने महान् अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

यस गरिमामय सभामा जिल्ला विकास समिति कालिकोटको तर्फवाट समग्र जिल्लाको विकासका लागि मार्गदर्शनको रुपमा रहने आगामी आ.व. २०७३/०७४ को वार्षिक नीति, कार्यक्रम एवं वजेटको वारेमा जानकारी गराउन पाउँदा आफुलाई गौरवान्वित ठानेको छु । यस अवसरमा हाम्रो अभियानमा हरदम सहयोग प्रदान गर्नुहुने यस जिल्लाका माननीय सांसदज्यूहरु, पूर्व सभासदज्यूहरु, स्थानीय राजनीतिक दल तथा विकास अभियन्ताका रुपमा रहेका कार्यालय, संघ संस्था, विकास साझेदारहरु तथा कालिकोट जिल्लावासी आदरणीय दाजुभाई तथा दिदी वहिनीहरु लगायत सम्पूर्ण निकायहरु प्रति हृदय देखि नै आभार ब्यक्त गर्दछु ।

नेपालको दुर्गम क्षेत्र कर्णाली अञ्चलको प्रवेशद्वार कालिकोट जिल्ला एका तर्फ आर्थिक, सामाजिक, मानवीय एवं पूर्वाधार विकासको हिसावले पछाडी परेको जिल्ला हो भने अर्का तर्फ भौगोलिक एवं हावापानीमा रहेको विविधताका कारण सवै हावापानीमा पाईने फलफूल, अन्न, पशुपंक्षि, वनस्पति लगायत बहुमूल्य जडीवुटी  समेत पाईने हुँदा यहाँ विकासका असिमित सम्भावनाहरु लुकेर वसेको पाईन्छ । यी संभावनाहरुको सुव्यवस्थित उपयोगद्वारा कालीकोटको दीगो र एकीकृत विकास गरी यहाँका वासिन्दाहरुको जीवनमा सकारात्मक परितर्वन ल्याउन १९ औं जिल्ला परिषद् सफल हुने विश्वास लिएको छु । स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधिहरु नभएको विषम परिस्थितिमा पनि विविध

समस्या तथा चुनौतीहरुको सामना गर्न भएको राजनैतिक समभ्रूदारी र सहमति, विकास प्रति जनताको नयाँ उत्साह र चासो तथा राष्ट्रसेवक कर्मचारीहरुको लगनशिलता, नागरिक समाज, निजी क्षेत्र, गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुवाट विकास प्रक्रियामा भएको निरन्तर सहयोगले हाम्रो मनोवल सदा उचो राखेको छ ।

**आदरणीय अतिथि महानुभावहरु,**

**आगामी आर्थिक वर्षका लागि वजेट तर्जुमा गर्दा लिएका आधारहरु ।**

१. नेपालको संविधान, २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु ।
२. स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ।
३. आवधिक त्रिवर्षिय योजनाले निर्धारण गरेका नीति तथा कार्यक्रमहरु ।
४. दिगो विकासका लक्ष्य (Sustainable Development Goal) ले निर्धारण गरेका प्रमुख लक्ष्य तथा क्षेत्रहरु ।
५. आवधिक जिल्ला विकास योजनाले निर्धारण गरेका अवधारणा, उद्देश्य तथा प्राथमिकताहरु ।
६. राष्ट्रिय योजना आयोगद्वारा प्राप्त कार्यक्रम तथा वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन ।
७. स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ ले निर्दिष्ट गरेका व्यवस्थाहरु ।
८. नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा कार्यक्रम तथा वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन तथा समय समयमा प्राप्त अन्य परिपत्र तथा निर्देशनहरु ।
९. वस्ती, वडा नागरिक मञ्च, गाउँ परिषद्, इलाका स्तरीय गोष्ठि, विषयगत समिति, एकीकृत योजना तर्जुमा समितिको वैठक हुदै सहभागितात्मक योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकीकरण सहित प्राप्त भएका माग, योजना तथा सुभ्रावहरु ।

**वजेटका आधारभूत सोच :**

जल, जंगल, खानी, उद्योग, पर्यटन र शिक्षाको विकास, कृषिमा आधुनिकीकरण, भौतिक पूर्वाधारको विकास र स्वरोजगारमूलक कार्यक्रमलाई संगसंगै लैजाने र जिल्लाका सवै गाउँ विकास समितिहरुलाई सडक संजालमा जोड्दै कृषि क्षेत्रमा व्यवसायिकरण, बजारिकरण तथा यान्त्रिकीरणलाई प्रोत्साहित गर्दै दीगो आर्थिक वृद्धि हासिल गरी जीवनस्तरमा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

**आगामी आर्थिक वर्षका लागि वजेटका प्रमुख उद्देश्यहरु :**

१. रोजगारी तथा आर्थिक वृद्धिका लागि स्वरोजगारमूलक कार्यक्रम मार्फत आत्मनिर्भर वनाउने तर्फ विशेष पहल गर्ने ।
२. भौतिक पूर्वाधार र जलविद्युतको विकासद्वारा दीगो र फराकीलो आर्थिक बृद्धि हासिल गरी गरिवी न्यूनिकरणमा जोड दिने ।
३. आर्थिक श्रोत अभिवृद्धि गर्दै आत्मनिर्भरता वढाउने तर्फ विशेष पहल गर्ने ।
४. जेष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति, शारिरीक अपाङ्गता भएका ब्यक्ति, पिछडिएको वर्ग तथा क्षेत्रको विकासमा जोड दिई समावेशी र दीगो विकासको अवधारणा आत्मसात गर्ने ।
५. पर्यटकीय गन्तव्यको पहिचान तथा विकास गरी पर्यटन प्रर्द्धनमा जोड दिने ।

**वजेटका प्राथमिकताहरु :**

उल्लेखित उद्देश्य परिपूर्तिका लागि वजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ ।

१. लक्षित वर्गलाई आत्मनिर्भर वनाउन उनीहरुमा उद्यमशिलताको विकास गर्ने ।
२. स्वरोजगारमुखी र समावेशी आर्थिक विकासमा जोड दिने ।
३. जलविद्युत तथा स्थानीय सडक निर्माणलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्दै जाने ।
४. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणमा जोड दिने ।
५. पर्यटन प्रवर्द्धनको माध्यमद्वारा आर्थिक विकासमा जोड दिने ।
६. संचालित आयोजनाहरुको एकीकृत र सघन अनुगमन प्रणाली मार्फत प्रभावकारिता र गुणस्तरमा अभिवृद्धि गर्ने ।
७. स्थानीय सुशासन प्रवर्द्धनमा जोड दिने ।

**श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु एवं अन्य अतिथिज्यूहरु**

अव म आगामी आर्थिक वर्ष २०७३/०७४ का लागि तय गरिएका मुख्य मुख्य क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

**भौतिक पूर्वाधार विकास तर्फ :**

१. जिल्लाका ३० वटै गाविसहरुमा विद्युत पहुँच पुऱ्याउन हाल संचालित सान्नीगाड जल विद्युत आयोजनाको क्षमता विस्तारका अतिरिक्त जिल्लाको आर्थिक विकासमा ठुलो महत्व राख्ने तिला १ र तिला २, लगायत पादमघाट जलविद्युत आयोजना, तिपगाड जलविद्युत आयोजना, रहगाड जलविद्युत आयोजनाको निर्माणका लागि यथोचित पहल गरिने छ । साथै जिल्लालाई राष्ट्रिय प्रशारण लाईनमा जोडी विद्युत विस्तारका लागि नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयसँग अनुरोध गरिने छ ।
२. जिल्लामा सम्पन्न हुने विकास निर्माणका कार्यक्रममा प्रभावकारीता ल्याउन भौतिक पूर्वाधारका काम गर्ने सवै निकायहरु वीच समन्वय गरी दोहोरोपन नहुने गरी निमार्ण कार्य अगाडी वढाईने छ ।
३. यस जिल्लाका हालसम्म पनि १६ वटा गाविस भवनहरु निर्माण हुन वाँकी रहेकोले सोको निर्माणका लागि आवश्यक पहल गरिने छ ।
४. जिल्ला सडक गुरुयोजना (DTMP) लाई अध्यावधिक गर्नका लागि आवश्यक पर्ने वजेट व्यवस्था गरी अध्यावधिक कार्य अगाडी वढाईने छ ।
५. कर्णाली राजमार्गसंग प्रत्यक्ष जोडिएका तिला नदीको पान्तडी र कर्णाली नदीको खुलालुमा तत्काल यातायात सुचारु गर्न वेलिव्रिज निर्माणका लागि भौतिक योजना तथा निर्माण मन्त्रालयलाई अनुरोध गरिने छ ।
६. विगत वर्षदेखि ग्रामिण पहुच कार्यक्रम तेश्रो (RAP-3) ले सान्निघाट-फुकोट-स्युना-सिपखाना सडक आयोजना १८ कि.मि. र जारकोट-राम्नाकोट सडक आयोजना ५.५ किमि गरी कुल २३.५ कि.मि. मोटरेवल सडक निर्माण गर्ने लक्ष्यका साथ अघि वढीरहेको छ भने गत वर्षदेखि विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम-अतिरिक्त लगानी (DRILP-AF) बाट हुल्म-सेरी-साँख-छेलाहान्ना सडक खण्डको ठेक्का स्वीकृत भई निर्माण कार्य भई रहेको छ । उक्त दुवै आयोजनाबाट सम्पादित कामको गुणस्तर राम्रो भएकाले आयोजनाको समयावधि थप गरी कार्य क्षेत्र विस्तार गर्न पहल गरीने छ ।

७. तुईनहरु विस्थापित गरी तुईन संचालन भईरहेका सवै ठाउँमा झोलुङ्गे पुल वनाउने सरकारी नीति अनुरुप गत वर्ष बड्डी मेला झोपु राम्नाकोट, दाम्रीगाड झोपु थिर्पु, घट्टेगाड झोपु बदालकोट, दुधेपानी झोपु मुम्रा समेत गरी ४ वटा सम्पन्न भएका छन भने चालु आ.व.मा जम्मा १३ वटा झो.पु. सम्पन्न गर्ने लक्ष्य लिईएको छ ।

८. खाद्य असुरक्षालाई सम्वोधन गरी गरिवी न्यूनीकरण गर्न नेपाल सरकारको आर्थिक सहयोग र विश्व खाद्य कार्यक्रमको खाद्यान्न सहयोगबाट संचालित ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम (RCIW) वाट यस वर्ष राम्नाकोट, थिर्पु, धौलागोह र खिन समेत ४ वटा गाविसहरुमा ५ वटा ग्रामिण सडक, २ वटा साना सिंचाई र १ वटा पहिरो रोकथाम लगायतका कार्यक्रमहरु संचालन भई रहेको छ । यस कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरताका लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

९. निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम तर्फ प्राप्त हुने एक करोड पचास लाख बजेटवाट पूर्वाधार र जलविद्युतको क्षेत्रमा लागनी गरी सदरमुकाम मान्म लगायत आसपासका क्षेत्रमा नियमित विद्युत आपुर्ति गर्ने लक्ष्य राखिएको छ । **कृषि, शिक्षा, स्वस्थ्य र पूर्वाधारको विकास, उज्यालो कालिकोटको आधार** भन्ने अभियानका लागि जलविद्युत क्षेत्रलाई उच्च प्राथमिकता दिईने छ ।

१०. हाल संचालनमा रहेको मान्म खानेपानी आधारभूत खानेपानी पद्धतिबाट संचालन हुँदै आइरहेकोमा उक्त खानेपानी योजनालाई गुणस्तरीय खानेपानी प्रणालीमा स्तरोन्नती गर्न खानेपानी तथा सरसफाई मन्त्रालयमा अनुरोध गरिने छ ।

११. निर्माणाधिन आयोजना तथा कार्यक्रमहरुको सघन अनुगमनका लागि तेश्रो पक्षको समेत सहभागितामा संयुक्त अनुगमन प्रणाली (Joint Monitoring System) लागू गरी काममा गुणस्तरीयता ल्याईने छ ।

१२. यस जिल्लाका भर्ता, चिल्खाया, रास्कोट, थिर्पु र लालु लगायतका गाविसहरुमा छरीएर रहेका अव्यवस्थित वस्तीलाई व्यवस्थित र एकीकृत रुपमा वस्ती विकास गर्दा खानेपानी, विद्युत, टेलिफोन लगायतका आधारभुत सुविधा उपलव्ध गराउन सहज हुने हुँदा एकीकृत वस्ती विकासका लागि शहरी विकास मन्त्रालयमा अनुरोध गरिने छ ।

## सामाजिक विकास तर्फ :

१. यस जिल्लाका विद्यार्थीको प्राविधिक क्षेत्रमा पहुँच अत्यन्तै न्यून रहेको हुँदा प्राविधिक शिक्षालय स्थापनाका लागि प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषद (CTEVT), सानोठिमी, भक्तपुर मार्फत शिक्षा मन्त्रालयमा अनुरोध गरी **"प्रविधिसंग युवा"** भन्ने अभियानका साथ कालीकोटका युवालाई प्रविधिसंग जोड्ने प्रयासको थालनी गरीने छ ।

२. कालिकोट जिल्ला कर्णाली अंचलको पहिलो, मध्यपश्चिमाञ्चल विकास क्षेत्रको चौथो र नेपालको आठौं खुल्ला दिशा मुक्त जिल्ला घोषणा भएको हुँदा यस साखलाई वचाई राख्न सबै सरोकारवाला निकायहरु वीच समन्वय गरी Post ODF का कार्यक्रमहरुलाई प्रभावकारी रुपमा अगाडि वढाईने छ ।

३. जिल्ला अस्पताल र अन्तरगत स्वास्थ्य संस्थाहरुको ब्यवस्थापन सुधार र जनशक्तिको क्षमता विकास गरी स्वास्थ्य सेवालाई सरल र सर्वसाधारणको पहुँचमा सहजता ल्याउन आवश्यक पहल गरीने छ ।

४. जेष्ठ नागरिकहरु राष्ट्रका अमूल्य निधी हुन । जिल्लाका जेष्ठ नागरिकहरुको सम्मान गर्दै उनीहरुको मागलाई मध्येनजर गरी वृद्धाश्रम निर्माणका लागि पहल गरीने छ । भवन निर्माणका लागि जग्गा प्राप्त हुनासाथ आवश्यक वजेट ब्यवस्थाका लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

५. जिल्ला विकास समितिमा NGO Desk स्थापना भई सकेको हुदा यसै आ.व. देखि उक्त Desk मार्फत गैससहरुको कामलाई थप पारदर्शी र प्रभावकारी वनाउन गैर सरकारी संस्थाहरुको Roster र Profile तयार गर्ने काम अघि वढीरहेको छ । आगामी दिनमा सरकारी एवं गैर सरकारी क्षेत्रहरुबाट सम्पादन हुने काममा समन्वय गरी दोहोरो नपर्ने गरी जिम्मेवारी तोकी कार्यान्यन गर्न पहल गरीने छ ।

६. सवै गाउँ विकास समितिहरुमा वालवालिकाहरुमा आधारित कार्यक्रम तर्जुमा गर्ने अनिवार्य व्यवस्था मिलाई वालमैत्री स्थानीय शासनको अनुभूति दिईने छ । वालमैत्री स्थानीय शासन कार्यविधी, २०६८ मा उल्लेखित सूचकहरु पूरा गरेको आधारमा त्यस्ता गाविसलाई यसै वर्ष देखि क्रमश: वालमैत्री गाविस घोषणा गर्दै लगिने छ ।

७. चालु आर्थिक वर्ष देखि राष्ट्रिय योजना आयोग तथा जिल्ला बिकास समितिको संयोजनमा जिल्लास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिति गठन गरी उक्त समितिको निर्णयानुसार यस जिल्लाका भौगोलिक विकटता र खाद्य असुरक्षा भएका धौलागोह, खीन, नानीकोट, बदालकोट र सुकाटीया गाविसहरुमा पहिलो चरणमा बहु क्षेत्रीय पोषण योजना लागु गरी सकीएको छ । बाँकी गाविसहरुमा चरणबद्धरुपमा लागु गर्दै लगिने छ ।

## आर्थिक विकास तर्फ :

१. यस जिल्लामा लागु भएको कर्णाली रोजगार कार्यक्रम अन्तरगत गत वर्ष रुप्सा, कुमालगाउँ, कोटवाडा, दाँहा, जुविथा, राँचुली, फोईमहादेव, चिल्खाया र सुकाटीया गरी १० गाविसहरुमा लागु भएको नमूना योजना (Center for Excellence Project) विगत भन्दा प्रभावकारी देखिएको हुँदा यस वर्ष देखि उक्त CEP मोडेल सवै गाविसहरुमा लागु गरिने छ ।

२. पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना (WUPAP) बाट यस जिल्लाका १५ गाविसहरुमा लक्षित समूहहरु पहिचान गरी समूहको मागको आधारमा सामूदायिक लगानी योजना निर्माण गरी आय आर्जन, सीप विकास कार्यक्रम र साना भौतिक पूर्वाधारका कार्यक्रम संचालन भई रहेको र यस जिल्लामा आयोजनाको प्रभाव राम्रो हुदा हुदै यस आर्थिक वर्षको अन्त्यबाट कार्यक्रमको अवधि समाप्त हुने जानकारी प्राप्त भएकाले अवधि थपका लागि सम्वन्धित निकायमा पहल गरीने छ ।

३. जिल्लामा लोप हुन लागेका स्थानीय रैथाने वालीहरु चिनो, कागुनो फापर, भटमास, जौ, उवा, मार्से (लट्टे) र मार्सी धान जस्ता वालीहरुको संरक्षण, प्रवर्द्धन र विकासका लागि जिल्ला कृषि विकास कार्यालय मार्फत विभिन्न कार्यक्रमहरु संचालन गरीने छ ।

४. सुचना प्रविधिले ल्याएको सकारात्मक परिवर्तन र वित्तिय साक्षरतामा देखिएको सुधार तथा ग्राहकहरुको मागलाई समेत मध्येनजर गरी वैंकिङ्ग कारोवारलाई छिटो छरितो र सुरक्षित वनाउन जिल्लामा वैंकिङ्ग सेवा प्रदान गर्दै आएका वैंकहरुबाट ATM सेवा संचालन गर्ने पहल गरीने छ ।

५. यस जिल्लाको पश्चिम क्षेत्र अन्तर्गत लालु गाविसको खुलालु देखि खिन सम्म र पूर्वी क्षेत्रको मान्म गाविसको सेरीघाट देखि छाप्रे गाविसको वालीघाट क्षेत्रमा संभाव्यता अध्ययन गरी प्राप्त प्रतिवेदनको आधारमा जैतुन खेती गर्न कृषि विकास मन्त्रालयलाई अनुरोध गरीने छ ।

६. ३० वटै गाविसहरुको हावापानी तथा माटो परीक्षण गरी प्राप्त प्रतिवेदन अनुसार जैविक उत्पादनको संभाव्यता रहेका गाविसहरुमा अलैची, ओखर, जैतुन, काजु, हाडे वदाम आदी र ट्राउट माछा पालन तथा उत्पादनका कार्यक्रमहरु संचालन गर्न कृषि विकास कार्यालय मार्फत सम्वन्धित निकायहरुमा अनुरोध गरीने छ ।

७. यस जिल्लामा संचालनमा रहेको गरिवसंग विश्वेश्वर कार्यक्रम हाल मान्म र वदालकोट गरी दुई गाविसमा संचालनमा रहेकोमा यस आ.व. देखि ३ वटा गाउँ विकास समिति थप गरी कार्यक्रम संचालन गरीने छ । साथै आगामी आ.व.हरुमा क्रमश: ३० वटै गाविसमा संचालनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गरीने छ ।

## वन तथा वातावरण तर्फ :

१. नेपाल जलवायु परिवर्तन सहयोग कार्यकम (NCCSP) तर्फ स्थानीय अनुकुलन कार्य योजना (LAPA) कार्यकमलाई प्रभावकारीरुपमा कार्यान्वयन गरी दीगो आर्थिक, सामाजिक र वातावरणमैत्री कार्यकमद्वारा गरिवी न्यूनिकरण कार्यकममा सहयोग पुर्‍याइने छ । उक्त कार्यक्रम हाल मान्म, रकु, लालु दाहाँ र कालिका गरी ५ वटा गाविसमा लागु भई रहेकोमा यसलाई अन्य गाविसहरुमा समेत कार्यकमको क्षेत्र विस्तार गरी जलवायू परिवर्तनबाट हुने असरबाट वच्न संकटासन्न परिवारको क्षमता अभिवृद्धि गर्ने कार्यलाई अगाडी वढाईने छ ।

२. यस जिल्लामा पाईने जडीवुटीको पहिचान सहित स्रोत सर्वेक्षण गरी सम्वन्धित गाविसहरुको पायक पर्ने स्थानमा जडीवुटी प्रशोधन केन्द्र स्थापना गर्न आवश्यक पहल गरीने छ ।

३. यस जिल्लामा रहेका राष्ट्रिय वन तथा सामूदायिक वनहरुमा भएका अतिक्रमणहरु रोक्न तथा क्रमिकरुपमा हटाउन सवै सरोकारवाला निकायहरुवीच समन्वयात्मक पहल गरिने छ ।

४. यस जिल्लाको वन क्षेत्रमा निर्माण हुने सडक लगायत अन्य विकास निर्माणका कार्यहरु शुरु गर्दा वातावरण मैत्री वनाउने गरी वायो ईन्जिनियरिङ्ग समेतका कार्यक्रम संचालन गर्न सरोकारवाला निकाय संग समन्वय गरी सहमति लिएर मात्र कार्यक्रम संचालन गर्न जोड दिईने छ ।

५. जिल्ला सदरमुकाम स्थित मान्म बजारमा पशु बधस्थलको राम्रो व्यवस्था नभएका कारण जुनसुकै ठाँउमा मासु काट्दा वातावरण प्रदुषण भई विभिन्न किसिमका सरुवा रोगहरु लाग्न सक्ने भएकोले यसबाट वच्नका लागि बजारमा व्यवस्थित वधस्थलको व्यवस्थाका लागि जिल्ला पशु सेवा मार्फत आवश्यक पहल गरिने छ ।

## संस्थागत विकास तर्फ :

१. गत १८ औं जिल्ला परिषदबाट जिल्ला विकास समितिको कार्यालयको संस्थागत क्षमताको विकास गरी जिविसवाट प्रदान गरिने सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउन संगठन तथा व्यवस्थापन सर्भे (O & M Survey) गरी प्रशासनिक कार्य वोझका आधारमा विद्यमान कर्मचारी संख्यामा नवढ्ने र थप आर्थिक भार समेत नपर्ने गरी पदपूर्तिको प्रकृयालाई अघि वढाउन निर्णय भए बमोजिम संगठन तथा ब्यवस्थापन सर्भे सम्पन्न भएको हुंदा यस आर्थिक वर्षमा उक्त प्रतिवेदनको कार्यान्वयन गरिने छ ।

२. जिल्ला स्थित सम्पूर्ण कार्यालयलाई सेवाग्राही मैत्री वनाउन सुशासनका सुचकाङ्कका रुपमा रहेका नागरिक वडापत्र, सुझाव पेटिका राख्ने, सूचना अधिकारी तोक्ने एवं पारदर्शिताका लागि सार्वजनिक सुनुवाई गर्ने लगायतका कार्यहरुलाई कडाईका साथ लागु गरिने छ ।

३. हरेक महत्वपूर्ण सन्देश र सूचनाहरु कार्यालयको Webesite र स्थानीय एफ.एम.रेडियो मार्फत नागरिकहरुको जानकारीमा ल्याउने प्रयास गरिएको छ । यसवाट सुशासन कायम गर्न थप योगदान पुग्ने विश्वास लिएको छु । सोहि अनुरुप यस जिल्लाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सवै ब्यक्तिको नाम जिविसको Website मा राखिएको छ ।

४. जिल्ला विकास समिति र सवै गाउँ विकास समितिका आवधिक गाउँ विकास योजना तयार भई सकेका छन । यस आर्थिक वर्ष देखि सोही आधारमा वार्षिक योजना तयार गर्ने कार्यको थालनी गरीएको छ ।

५. यस आर्थिक वर्षदेखि जिल्ला विकास समिति लगायत सवै गाउँ विकास समितिमा लेखा व्यवस्थापनका लागि Accounting Software को प्रयोगको थालनी गरी वित्तिय अनुशासन र प्रभावकारीता कायम गरीने छ ।

६. विषयगत निकाय, गैसस, गाविस तथा राजनैतिक पार्टी र नागरिकवीचको सम्वन्धलाई सुमधुर वनाउन आवश्यक अन्तरक्रिया तथा वहस कार्यक्रमहरु संचालन गरिने छ ।

**विविध :**

१. जिल्ला विकास समितिको MCPM का सूचकहरुमा सुधार आई विकास अनुदानमा गत वर्ष प्राप्त भएको ९७,८२,०००।- निशर्त अनुदानमा वृद्धि भई यस वर्ष १,२७,४२,००० प्राप्त भई हामी सवैंको हौसला वृद्धि भएको छ । आगामी आ.व.मा यस विषयमा झन सुधार गर्दै लगिने छ ।

२. गत आ.व. सम्मको जम्मा वेरुजु रकम रु. १३ करोड ८५ लाख २१ हजार ७ सय ६४ रुपैयावाट रु १ करोड ५० लाख ८२ हजार ५ सय १० रुपैया अर्थात ११ प्रतिशत फछ्र्यौट भएको र चालु आ.व.को यस अवधि सम्मको वाँकी वेरुजु १२ करोड ३४ लाख ३९ हजार २ सय ५४ रुपैयावाट रु. ९१ लाख ७६ हजार रुपैया अर्थात ८ प्रतिशत वेरुजु फछ्र्योट भई वाँकी रु. ११ करोड ४२ लाख ६३ हजार २ सय ५४ रुपैया रहेको छ । चालु आ.व.मा थप वेरुजु फछ्र्यौट गर्ने प्रयास गरिने छ ।

३. अनुमानको भरमा वजेट छुट्टाउने परिपाटीको अन्त्य गरी सडक, सिचाई, खानेपानी जस्ता आयोजनाहरुमा सर्व प्रथम सर्भे, ड्रईङ्ग, डिजाईन र लगत इस्टिमेट गरी लगत इस्टिमेटको आधारमा प्राथमिकताक्रम अनुसार वजेट विनियोजन गर्ने र सोही आधारमा निर्माण सम्पन्न गर्ने गरी वजेट विनियोजन गर्ने प्रक्रियाको थालनी गरिएको छ । यसवाट धेरै आयोजनाहरुलाई थोरै थोरै वजेट विनियोजन गरी दशकौं सम्म आयोजना सम्पन्न नहुने, आयोजनागत वजेट खर्च भईरहने तर काम केही नदेखिने परिपाटीको अन्त्य हुने विश्वास लिएको छु ।

४. खाडाचक्र बजार, मान्म र रास्कोट क्षेत्रको बढ्दो शहरीकरणलाई व्यवस्थित गरी भौतिक निर्माणका कामलाई सुव्यवस्थित गर्न नगरपालिका वनाउनु पर्ने अवस्थालाई मध्येनजर गरी सर्वदलीय/सर्वपक्षीय सहमती जुटाई आवश्यक प्रकृया पुरा गरी नगरपालिका घोषणका लागि सम्वन्धित निकायमा सिफारिस गरी सकीएको छ । नगरपालिका घोषणा भए पछि बाटोघाटो खानेपानी लगायतका भौतिक निर्माणका काम र फोहोरमैला व्यवस्थापन सम्वन्धि कामलाई व्यवस्थित ढंगले अगाडी वढाईने छ ।

५. यस वर्ष ठुलो धनजनको क्षती हुने गरी गएको विनासकारी भुकम्पले ल्याएको विपदबाट भएको धनजनको क्षती भविष्यमा दोहोरिन नदिन नेपाल सरकारबाट स्वीकृत बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ यसै आ.व. देखि यस जिल्लामा पनि लागु गरिने छ ।

६. सहकारी तथा गरिवी निवारण मन्त्रालय, गरिव घर परिवार सहयोग समन्वय वोर्डको सचिवालयद्वारा यस जिल्लामा संचालित कार्यक्रम अन्तरगत जिल्लामा गठित गरिव घर परिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण कार्यक्रम जिल्ला समन्वय समितिको सचिवालय कालीकोटबाट जिल्लाका ३० वटै गाविसहरुमा रहेका गरिव घर परिवारको तथ्याङ्क अध्यावधिक गरी यसै वर्ष परिचयपत्र वितरण गर्ने कार्यलाई तिव्रताका साथ अगाडी वढाईएको छ । साथै पहिचान हुन नसकेका र छुट हुन गएका गरिव परिवारको छनौट र पहिचानको कार्यलाई पनि नियमावली बमोजिम अगाडी वढाइने छ ।

७. UNICEF को सहयोगमा चालु आ.व. भित्रै जिल्ला विपद व्यवस्थापन योजना (DDRMP) तयार गरी लागु गरीने छ । यसका लागि आवश्यक प्रकृया अगाडी वढी सकेको छ । जिल्ला स्थित सम्पूर्ण कार्यालयहरुवाट विपद व्यवस्थापन (Disaster Risk Management) लाई आन्तरिकीकरण गरी कार्यक्रम तयार गर्ने नीति कडाईका साथ लागु गरिने छ । साथै स्थानीय विपद व्यवस्थापन योजना (LDRMP) तयार भएका गाविसमा उक्त योजना कार्यान्वयन गरिने छ भने तयार हुन वाँकी गाविसमा LDRMP तयार गर्न लगाईने छ ।

८. कालिकोट जिल्लामा गरिवी निवारण कोष मार्फत २०६३ साल देखि विभिन्न चरण गरेर ६ वटा स्थानीय गैर सरकारी संस्था मार्फत भौतिक पूर्वाधार र विभिन्न किसिमका आय आर्जनका क्रियाकलापहरु संचालन हुदै आएकोमा यस वर्षदेखि गरिवी निवारण कोषले यस जिल्लामै आफ्नो कार्यालय स्थापना गरी अधुरा योजना पुरा गर्ने, सामुदायिक संस्थाहरुको दिगोपनाको विकास गर्ने, घुम्ती कोषलाई उत्पादनमूलक क्रियाकलापमा प्रयोग गर्ने र विषयगत कार्यालयसंग समन्वय गरी आयमूलक क्रियाकलापमा साझेदारी गरी आफ्नो कार्यक्रमलाई थप प्रभावकारी वनाउने लक्ष्य लिएको छ ।

९. उपभोक्ताबाट संचालन हुने सार्वजनिक निर्माणका काममा प्रभावकारीता ल्याउन उपभोक्ता समितिको नाफा र व्यवसाय उन्मूख प्रबृत्तिलाई निरुत्साहित गरी कार्यमुखी वनाउन उपयुक्त कदमहरु चालिनेछ ।

## उपस्थित अतिथि महानुभावहरु

सीमित श्रोत र साधनवाट जनताका असीमित माग र वढ्ढो जन आकांक्षालाई एकैपटक सम्वोधन गर्न नसकिने यथार्थतालाई आत्मसाथ गरी जिल्लालाई प्राप्त वजेट सिलिङ्ग र जिल्लाको आन्तरिक श्रोत अति न्यून रहेकाले आन्तरिक श्रोत र प्राप्त हुने अनुदानको दायरालाई समेत मूल्यांकन गरी वजेट तर्जुमा गरिएको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ मा व्यवस्था भए अनुरुप जिल्ला विकास समिति अन्तर्गतका पाँचवटै विषयगत समितिहरु (भौतिक पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, वन तथा वातावरण समिति र सुशासन तथा संस्थागत विकास समिति) को कार्यक्रम विश्लेषणात्मक रुपमा अध्ययन गरी कार्यालयगत रुपमा परिष्कृत गरी स्पष्टरुपमा विनियोजित वजेटलाई तपसिल वमोजिम प्रस्तुत गरेको छु ।

जिल्लामा प्राप्त हुने सवै निकायको कुल वजेट विश्लेषण गर्दा सरकारी, गैर सरकारी तथा आन्तरिक श्रोत र राजश्ववाट प्राप्त हुने अन्य वजेट मध्ये राजश्व तर्फ रु १२ लाख ३३ हजार आन्तरिक आय तर्फ रु १६ लाख २७ हजार नेपाल सरकार तथा वाहृय श्रोटवाट प्राप्त अनुदान रु २ अर्व ६७ करोड ५९ लाख ५६ हजार गरी कुल जम्मा रु २ अर्व ६७ करोड ८८ लाख १६ हजार चालु आ.व. २०७२/०७३ को लागि संसोधित वजेट पेश गरिएको छ । जसमा चालु तर्फ रु १ अर्व ४८ करोड ८७ लाख ९२ हजार र पुजिगत तर्फ रु १ अर्व १९ करोड ११ लाख २४ हजार रहेको छ । यसलाई प्रतिशतमा हेर्दा चालु तर्फ ५५ प्रतिशत र पूजिगत तर्फ ४५ प्रतिशत हुन आउछ ।

यसै अनुरुप आगामी आ.व. २०७३/०७४ का लागि यस जिल्लामा प्राप्त हुने सरकारी, गैर सरकारी, आन्तरिक श्रोत, राजश्ववाट प्राप्त हुने आम्दानी तथा अन्य वजेट समेतका आधारमा देहाय अनुसार प्रस्ताव गरी अनुमानित वजेट पेश गरेको छु ।

राजश्व तर्फ रु २० लाख ६० हजार आन्तरिक आय तर्फ रु १६ लाख ५६ हजार नेपाल सरकार तथा वाह्य श्रोतवाट प्राप्त हुने अनुदान रु २ अर्व ४९ करोड ३५ हजार गरी कुल रु २ अर्व ४९ करोड ३७ लाख ५१ हजार रहेको छ । जस मध्ये चालु खर्च रु १ अर्व ३६ करोड ४६ लाख ४४ हजार र पुजिगत खर्च रु १ अर्व १२ करोड ९१ लाख ७ हजार रहेको छ ।

उल्लेखित आ.व. २०७३/०७४ को प्रस्तावित वजेटलाई विषयगत समितिमा विनियोजन गरी हेर्दा देहाय अनुसार हुने देखिन्छ ।

| सि.नं. | विषयगत क्षेत्र | प्रस्तावित वजेट | कुल वजेटको प्रतिशत |
|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास समिति | १ अर्व २७ करोड ५ लाख ९१ हजार | **५०.९५ प्रतिशत** |
| २ | सामाजिक विकास समिति | १ अर्व १ करोड ५५ लाख ३६ हजार | **४०.७२ प्रतिशत** |
| ३ | आर्थिक विकास समिति | १८ करोड ८२ लाख ३ हजार | **७.५५ प्रतिशत** |
| ४ | वन तथा वातावण समिति | १ करोड ९४ लाख २१ हजार | ०.७८ **प्रतिशत** |
| ५ | संस्थागत विकास समिति | | **० ०० प्रतिशत** |

**आदरणीय अतिथि महानुभावहरु**

अव म जिल्ला विकास समिति तर्फको आय ब्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु । जसमा चालु आ.व. २०७२/०७३ को लागि आन्तरिक श्रोत र राजश्ववाट प्राप्त हुने रु २८ लाख ६० हजार नेपाल सरकार र वाह्य अनुदानवाट रु ८४ करोड ८९ लाख ३१ हजार गरी जम्मा रु. ८५ करोड १७ लाख ९१ हजार आय अनुमान गरिएकोमा देहाय अनुसार वजेट प्राप्त हुन आएको छ ।

**आन्तरिक आय तर्फ :**

| सि.नं. | आय शिर्षक | आय अनुमान वजेट | कैफियत |
|---|---|---|---|
| १ | मालपोतवाट | १२ लाख | |
| २ | वन रोयल्टीवाट | ३३ हजार | |
| ३ | जिविसको अन्य आय तर्फ | १६ लाख २७ हजार | |
| | जम्मा | २८ लाख ६० हजार | |

केन्द्रवाट प्राप्त अनुदान चालुतर्फ ३२ करोड ४९ लाख ४३ हजार (४०.१५ प्रतिशत) र पुजिगततर्फ ४८ करोड ४४ लाख ५२ हजार ( ५९.८५ प्रतिशत) गरी जम्मा रु. ८० करोड ९३ लाख ९५ हजार विनियोजन गरिएको छ भने आगामी आ.व. २०७३/०७४ को लागि प्रस्तावित वजेट देहाय अनुसार छ । आन्तरिक श्रोत र राजश्ववाट रु ३७ लाख १६ हजार नेपाल सरकार तथा वाह्य श्रोतवाट अनुदान रु ८४ करोड ८० लाख ७५ हजार जम्मा गरी ८५ करोड १७ लाख ९१ हजार मध्ये चालु वजेट रु ३४ करोड ४६ लाख ५५ हजार (४०.४६ प्रतिशत) र पुजिगत वजेट रु ५० करोड ७१ लाख ३६ हजार ( ५९.५४ प्रतिशत) रहेको छ ।

**श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु तथा अन्य अतिथिज्यूहरु**

**अन्त्यमा,**

हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी आफ्नो व्यस्त समयका वावजुद पनि यस गरीमामय परिषदमा प्रमुख अतिथिकोरुपमा उपस्थित भई आम कालीकोटवासीको उत्साह वढाईदिनु भएकोमा माननीय सांसद श्री तुलाराज विष्टज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस वजेटको सफल कार्यान्वयवाट कालिकोट जिल्लाको दीगो र समावेशी विकासमा सघाउ पुग्ने, आर्थिक सम्वृद्धिलाई मद्दत पुग्ने, रोजगारी अभिवृद्धि हुने विश्वास लिएको छु । चालु वजेटको कार्यान्वयन र आगामी आ.व.को वजेट तर्जुमामा सहयोग पुऱ्याउने माननीय सभासदज्यूहरु, राजनैतिकदलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सरकारी कार्यालयका प्रमुखज्यूहरु, गाविस सचिवहरु, नागरिक समाज, गैसस, निजीक्षेत्र, दातृ निकाय, संचारकर्मी मित्रहरु तथा सम्पूर्ण कर्मचारी लगायत जिल्ला विकास समिति परिवार सवैलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछु ।

प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमामा जस्तै सफल कार्यान्वयनमा समेत यहाँहरु सवैको रचनात्मक सहयोगको अपेक्षा लिएको छु ।

धन्यवाद !

फागुन १४, २०७२

**भोलाप्रसाद चापागाईं**
**जिविस वोर्ड प्रमुख एवं**
नि.स्थानीय विकास अधिकारी